जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २२२ २०७८ साल चैत २२ गते मंगलबार (5 Apr. 2022 Tuesday) मूल्य रु. ५/-

कसैलाई सर्पले टोकिहालेमा

- नआत्तिऔं र बिरामीलाई सान्त्वना दिऔं,
- सर्पको विष अत्यन्त छिटो फैलिने भएकोले प्राथमिक उपचारका नाममा समय खेर नफालौं,
- परम्परागत झारफूकको विधिमा नअलमलिऔं,
- जतिसक्दो चाँडो बिरामीलाई अस्पताल तथा उपचार केन्द्र पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : ऊर्जा क्षेत्रमा पनि जलवायु... ३ पृष्ठमा : पेट्रोलियम पदार्थको ... ३ पृष्ठमा :श्रीलङ्काका राष्ट्रपतिद्वारा ...

# ६ वटा राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दल बाहेक सप्तरीमा अन्य २८ वटा दल दर्ता




**दैनिक समाचारदाता राजविराज, २१ चैत ।**

स्थानिय तह निर्वाचनको मिति तोकिएसँगै अहिले मुलुकको राजनीतिक माहौल तातिदै गएको छ । स्थानिय तह निर्वाचनको आगामी बैशाख ३० गते मिति तोकिएको छ ।

निर्वाचनको मिति जति-जति नजिकिदै गएको छ, त्यती त्यती सप्तरीमा राजनीतिक गतिविधी समेत बढ्दै गएको छ ।

जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीले जिल्लामा ६ वटा राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दल बाहेक २८ वटा अन्य दलले निर्वाचन कार्यालय सप्तरीमा दर्ता भएको जानकारी दिएका छन् ।

उनका अनुसार राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दल नेकपा एमाले, नेपाली कांँग्रेस, नेकपा मओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल बाहेक जनमत पार्टी, उनन्त लोकतन्त्र पार्टी, नेपाली कांँग्रेस (बि.पी), राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, नेपाल परिवार दल, तराई- मधेश लोकतान्त्रिक पार्टी, मंगोल नेशनल अर्गनाइजेसन पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, पिछडाबर्ग निषाद दलित जनजाती पार्टी, बहुजन समाज पार्टी नेपाल, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाली जनता दल, नेपाल लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल), नेपाल विवेवशील पार्टी, राष्ट्रिय सदभवना पार्टी, नेपाल जनता पार्टी, मौलिक जरोकिलो पार्टी, नेपाल सदभावना पार्टी, जनता प्रगतिशील पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी मार्क्सबाद - लेनिनवादी, बहुजन एकता पार्टी नेपाल, बहुजन शक्ति पार्टी नेपाल, नेपाल मजदुर किसान पार्टी नेपाल, सामाजिक एकता पार्टी र नेपाल कम्युनिष्ट पार्टी ( समाजवादी)ले दल दर्ता गराएका छन् ।

उक्त निर्वाचनका लागि सप्तरीमा ५ सय ३६ वटा मतदान केन्द्र तोकिएको छ भने २ सय ९७ मतदानस्थल कायम गरिएको छ । यस पटकको निर्वाचनमा जिल्लामा २ लाख १३ हजार ८ सय ९२ पुरुष, १ लाख ९८ हजार ५ सय ३२ महिला र अन्य २१ गरि कुल मतदाता संख्या ४ लाख १२ हजार ४ सय ४५ रहेको छ ।

जिल्लामा सबै भन्दा बढी राजबिराज नगरपालिकामा २१ हजार १ सय ७० पुरुष, १८ हजार ५ सय २० महिला र २ अन्य गरि ३९ हजार ६ सय ९२ मतदाता छन् भने सबैभन्दा कम बलानबिहुल गाउँपालिकामा ७ हजार ६ सय २० पुरुष र ६ हजार ७ सय ९८ महिला गरि १४ हजार ४ सय १८ मतदाता छन् ।

त्यस्तै अग्निसाइर कृष्णासवरण गाउँपालिकामा ९ हजार ३ सय १० पुरुष, ९ हजार ६ सय २३ महिलार ४ अन्य गरि १९ हजार ९ सय ३७, कंचनरुप नगरपालिकामा १७ हजार ८ सय ७२ पुरुष, १७ हजार ४ सय ३३ महिला र ४ अन्य गरि ३५ हजार ३ सय ९, सडक नगरपालिकामा १५ हजार ३ सय ९ पुरुष, १५ हजार ७ सय २३ महिला र ४ अन्य गरि ३१ हजार ३६, छिन्नमस्ता गाउँपालिकामा ९ हजार ५ सय ८१ पुरुष र ८ हजार १ सय ७६ महिला गरि १७ हजार ७ सय ५७, डाक्नेश्वरी नगरपालिकामा १५ हजार २३ पुरुष र १३ हजार ४ सय १२ महिला गरि २८ हजार ४ सय ३५, तिरहुत गाउँपालिकामा ७ हजार ७ सय ४० पुरुष र ६ हजार ९ सय १४ महिला गरि १४ हजार ६ सय ५४ मतदाता रहेका छन् ।

त्यस्तै तिलाठी कोइलाडी गाउँपालिकामा १० हजार ५ सय ५१ पुरुष र ९ हजार ९० महिला गरि १९ हजार ६ सय ४१, बोदे बरसाइन नगरपालिकामा १द्ध हजार ३ सय ९९ पुरुष र १३ हजार २ सय ५६ महिला गरि २७ हजार ६ सय ५५, महादेवा गाउँपालिकामा ८ हजार ९ सय ३६ पुरुष र ७ हजार ९ सय १४ महिला गरि १६ हजार ८ सय ५०, राजगढ गाउँपालिकामा ९ हजार ९ सय १६ पुरुष र ८ हजार ६ सय ४४ महिला गरि १८ हजार ५ सय ६०, रुपनी गाउँपालिकामा ९ हजार ४ सय ८५ पुरुष, ८ हजार ६ सय ७९ महिला र एक अन्य गरि १८ हजार १ सय ६५,

*बाँकी अन्तिम पृष्ठमा*

# सत्ता साझेदार दल : चुनावी तालमेल गर्न प्रदेशस्तरीय छलफल

जनकपुर, २१ चैत (रासस) ।

सत्तारुढ गठबन्ध आबद्ध दलहरूले मधेश प्रदेशको सबै पालिकाको समीक्षा गरी प्रतिवेदन बुझाउन पत्राचार गर्ने निर्णय गरेको छ ।

आसन्न स्थानीय तह निर्बाचनमा तालमेल गर्ने तयारीस्वरुप बसेको सत्ता साझेदारी दलहरूको मधेस प्रदेशस्तरीय बैठकले प्रदेशको आठवटै जिल्लास्तरीय गठबन्धनलाई प्रत्येक पालिकाको समीक्षा गरेर यही चैत २२ गते मङ्गलबारसम्म प्रतिवेदन बुझाउन सबै जिल्लामा पत्राचार गर्ने निर्णय गरेको जनता समाजवादी पार्टी मधेस प्रदेशका अध्यक्ष रामबाबु यादवले जानकारी दिनुभयो ।

जनकपुरधामस्थित नेपाली कांग्रेसको प्रदेश कार्यालयमा बसेको बैठकमा तालमेल कसरी गर्ने, कुन स्थानीय तहमा कुन पार्टीले उम्मेदवारी दिनेलगायतका बिषयमा छलफल भएको र जिल्लास्थित पालिकाको अवस्थाबारे प्रतिवेदन आएपछि थप छलफल गरिने निर्णय भएको उहाँको भनाइ छ ।

बैठकमा सत्ता गठबन्धनमा आबद्ध जसपासहित कांग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) पार्टीका प्रदेश अध्यक्ष तथा शीर्ष नेताहरू सहभागी थिए । आगामी बैशाख ३० गते हुने स्थानीय तह निर्बाचनमा गठबन्धन गर्ने निर्णय सत्ता गठबन्धनले गरिसकेको छ । सो निर्णयपछि मधेस प्रदेशमा सत्ता गठबन्धनमा आबद्ध दलले छलफल अगाडि बढाएको छ । मधेस प्रदेशमा एक महानगरपालिकासहित १३६ स्थानीय तह छन् ।

# अनलाइन बिङ्गो खेलिरहेको अवस्थामा १६ जना पक्राउ

काठमाडौँ, २१ चैत (रासस) ।

नेपाल प्रहरीले अनलाइन बिङ्गो खेल्ने १६ जनालाई पक्राउ गरेको छ । महानगरीय प्रहरी वृत्त बौद्धबाट खटिएको टोलीले काठमाडौँ महानगरपालिका-६ प्लटिडस्थित एक खाजा घरमा अनलाइन बिङ्गो खेल्ने सिन्धुपाल्चोक भोटेकोसी गाउँपालिका-१ घर भई काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-७ शिबचोक बस्ने २५ बर्षीय पासाङ शेर्पालगायत १६ जनालाई आइतबार साँझ पक्राउ गरी सोमबार सार्बजनिक गरेको हो ।

उक्त खाजा घरमा अनलाइन बिङ्गो खेल खेलिरहेको भन्ने सूचनाका आधारमा प्रहरीले उनीहरूलाई रु ७४ हजार १५० सहित पक्राउ गरेको हो । पक्राउ परेका उनीहरूसँग प्रहरीले एक हजार ५०० थान बिङ्गो टिकट र दुई थान स्पिकरसमेत बरामद गरेको छ । घटनाका बारेमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था ।
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# स्वास्थ्य संस्थाहरु कहिले सुध्रिने !

अहिले पनि सप्तरीका स्वास्थ्यहरुको अवस्था लथालिंग रहेको छ । कतिपय संस्थाहरुमा स्वास्थ्यकर्मीहरु नआउने तथा आएपनि ढिलो गरि आएर बिरामीहरुको उपचारमा ध्यान नदिइरहेको अवस्था छ । यसकारण सरकारी स्वास्थ्य संस्थाहरु स्थानिय स्तरमा गैरजिम्मेवार बन्दै गएको छ । विगतमा जिल्ला जनस्वास्थ्य कार्यालय मातहतमा संचालन हुने गरेका स्वास्थ्य संस्थाहरु अहिले स्थानिय तहको मातहतमा संचालन हुँदै आएको छ । स्थानिय तहमा गभिएसँगै स्वास्थ्य संस्थाहरु अझ गैरजिम्मेवार हुँदै गएको छ ।

कतिपय स्वास्थ्य संस्थामा कर्मचारीको अभावका साथै कर्मचारी भएपनि काम भने शुन्य रहेको छ । कर्मचारीहरु समयमा नआउनु तथा बिरामीहरुको उपचारमा हेलचक्राई हुने गरेको छ । बिहान १० बजे कार्यालय खुल्नु पर्नेमा १२ बजेसम्म पनि खुल्दैनन् । यदी खुलेमा स्वास्थ्यकर्मीहरु १२ बजेपछि आउने परम्परा बसेको छ । जसकारण बिरामीहरुले सास्ती ब्यहोर्नु परिरहेको छ । यस्तै स्वास्थ्य चौकी एवं संस्थाहरुमा विभिन्न औषधिहरु निःशुल्क रुपमा बिरामीहरुलाई वितरण गर्नुपर्ने प्रावधान रहे पनि जिल्लाका अधिकांश ग्रामिण भेगका स्वास्थ्य चौकीहरुमा आवश्यकता अनुसारको औषधि बितरण गरेको पाइदैन् ।

स्वास्थ्य जस्तो संवेदनशिल संस्थामाथी निगरानी बढाउनु पर्ने आवश्यकता रहेको छ । स्थानिय तहका जनप्रतनिधिहरु पनि स्वास्थ्य संस्थालाई गम्भिरतापूवर्क लिनुपर्ने अवस्था रहेको छ । तसर्थ सेवाग्राहीहरुलाई सजिलै आवश्यक औषधि तथा चेकजाँच गर्नेतर्फ समयमै जनप्रतिनिधि अग्रसर भए मात्र स्वास्थ्य जस्तो संवेनशिल संस्थाको गरिमा रहने छ ।

# ऊर्जा क्षेत्रमा पनि जलवायु परिवर्तनको असर

काठमाडौँ, २१ चैत (रासस) ।

जलवायु परिवर्तनको जोखिम बढ्दै जाँदा त्यसको प्रत्यक्ष असर नेपालमा समेत परेको छ । विशेषगरी हिमाली क्षेत्रमा बढ्दै गएको तापक्रमका कारण हिउँ पग्लनेक्रम उल्लेख्यरूपमा बढेको छ । खडेरी बढ्दै गएको छ भने पानीका मूल सुक्दै गएका छन् ।

अतिवृष्टि, खण्डवृष्टि जस्ता कारणले वातावरणीय जोखिम पनि उत्तिकै वृद्धि भएको छ । यस्तो अवस्थामा नेपालको ऊर्जा क्षेत्रसमेत नराम्ररी प्रभावित भएको छ । गत असारमा गएको बाढीका कारण झण्डै रु तीन अर्ब बराबरको क्षति भएको थियो । ऊर्जा क्षेत्रमा पछिल्लो तीन वर्षको तथ्याङ्क हेर्ने हो भने झण्डै रु १० अर्ब बराबरको क्षति भएको छ ।

यस सन्दर्भमा जलविद्युत् आयोजना निर्माण गर्दा वातावरणीय पक्षलाई पनि उत्तिकै ध्यान दिनुपर्ने मत जबर्जस्तरूपमा उठेको छ । जलविद्युत् प्रवर्द्धकले आयोजनाको विकास गर्दा वातावरणीय अध्ययन र समाजिक व्यवस्थापनमा संवेदनशील हुनुपर्ने आवश्यकता बढेर गएको छ ।

शनिबारदेखि राजधानी काठमाडौँमा तेस्रो हिमालयन हाइड्रो एक्स्पो चलिरहेको छ । नेपालको ऊर्जा क्षेत्रमा नवीनतम् प्रविधि भित्र्याउने र लगानीका नयाँ अवसरको खोजी गर्ने उद्देश्यका साथ आयोजित सो कार्यक्रममा जलवायु परिवर्तन र त्यसले ऊर्जा क्षेत्रमा परेको प्रभावका बारेमा समेत महत्वपूर्ण छलफल भएको छ ।

जलवायु परिवर्तन, वातावरणीय अध्ययन तथा सामाजिक व्यवस्थापनसम्बन्धी छलफलमा सहभागीले जलविद्युत् आयोजनामा हुने लगानीको दिगो प्रतिफल सुनिश्चितताका लागि पनि वातावरणीय पक्षलाई विशेष ख्याल गर्नुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रिय प्रकृति संरक्षण कोषका वरिष्ठ संरक्षण अधिकृत मनिषराज पाण्डेका अनुसार जलवायु परिवर्तनको असर वर्तमानमा मात्र नभएर भविश्यका लागि थप चुनौतीपूर्ण हुने देखिएको छ ।

नेपालका अधिकांश जलविद्युत् आयोजना पहाडी क्षेत्रमा निर्माण हुने वा निर्माण हुने क्रममा रहेकाले ती क्षेत्र नै बढी संरक्षण गर्नुपर्ने क्षेत्रका रूपमा देखिएको उहाँको भनाइ छ । संरक्षण गर्नुपर्ने क्षेत्रमै आयोजना धेरै हुँदा विकास र वातावरणलाई सन्तुलितरूपमा लैजानुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ ।

"हामीले जलचर संरक्षण गर्न पनि त हामीले हेर्नुपर्छ, विगतका पाठका आधारमा आगामी दिनमा कार्ययोजना बनाउनुपर्ने महसुस हामीले गरेका छौँ, एकीकृत जलउपयोग नीतिअनुसार नदी बेसिनमा आधारित विद्युत् विकासमा जाँदा जलको उचित व्यवस्थापनका साथ साथै सामाजिक आर्थिक वातावरणीय कुरामा संवेदनशील बन्नैपर्छ", उहाँले भन्नुभयो ।

सानिमा हाइड्रोका प्रमुख लगानीकर्ता डा सुवर्णदाश श्रेष्ठले वातावरणीय सामाजिक विषयवस्तुलाई प्राथमिकतामा नराखेकै कारण क्षति भोग्नुपरेको दृष्टान्त पेश गर्नुभयो । "अब जलविद्युत्‌मा लगानी मात्र सोच्ने होइन वातावरण सामाजिक व्यवस्थापनमा पनि सोच्नुपर्छ, जलवायु परिवर्तन, आयोजनाको दिगोपन, स्थानीय सहभागितामा जान सकेमात्र हाम्रा आयोजना र त्यसको प्रतिफल दिगो हुनेछ", उहाँले भन्नुभयो ।

वातावरणीय व्यवस्थापनमा वृक्षरोपणका लागि क्षेत्र पहिचान र विस्तार गर्न सरकारी कार्यशैलीमा सुधार गर्नुपर्ने उहाँको मत छ । उहाँले भन्नुभयो, "आयोजना बनाउँदा वृक्षरोपण कहाँ गएर गर्ने जमिन नै पाएका छैनौँ, हामी बिरुवा हुर्काउन तयार छौँ, नेपालको नाङ्गा डाँडा दिनुस् न हामी खुसीसाथ गर्न तयार छौँ, तर हामी आयोजनास्थल नजिकै किन्दै जाने कुराको समीक्षा गरौँ ।"

विशेषगरी जलविद्युत् क्षेत्र आफैँमा बढी प्राविधिक विषय भए पनि यसमा वातावरणीय पक्षलाई ख्याल नगर्दा बढी समस्या खडा भएको छ । कतिपय प्रवर्द्धकले लाइसेन्समात्र बोकेर लगानी गर्न खोज्दा सफल नभएको दृष्टान्त पनि उत्तिकै छ ।

नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्दै आएको अग्रणी बैंक एनएमबीले पछिल्ला दिनमा वातावरणीय पक्षलाई पनि उत्तिकै ध्यान दिएको छ । सो बैंकले हालसम्म ४५ आयोजनामा लगानी गरिसकेको छ । बैंकका प्रतिनिधि शरद् तुलाधरले वातावरण र समाजिक पक्षलाई व्यवस्थित गर्न सरकारी निकायको सकारात्मक भूमिकाको जरुरी रहेको बताउनुभयो ।


## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक । आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु ।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु ।
- बौवा बुच्चीके आइग सँ दूर राखु ।
- हवा बसात के समय मे आइग नै पजारु । सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु ।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु ।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही ।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु ।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु ।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी ।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु ।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु ।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिं कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै ।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु ।
- कहीं कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ ।

**अनुरोधकर्ता**

**विष्णुपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी**



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पेट्रोलियम पदार्थको बिक्रीवितरण सहज

काठमाडौँ, २१ चैत (रासस) ।

केही दिनदेखि पेट्रोलपम्पमा देखिएको चर्को लाइन हटेको छ । नेपाल आयल निगम र पेट्रोलियम व्यवसायीबीचको सहमतिपश्चात् पेट्रोलियम पदार्थको बिक्री वितरण सहज बनेको हो ।

निगम र आन्दोलनरत राष्ट्रिय पेट्रोलियम व्यवसाय संस्थागत समन्वय समितिबीच शनिबार पेट्रोलियम पदार्थको बिक्रीवितरण सहज बनाउने सहमति भएको थियो । सहमति भएपछि पेट्रोलियम बिक्रेताले निगमको डिपोबाट पेट्रोलियम पदार्थ उठाएका थिए । पेट्रोलियम बिक्रेताले कमिशन वृद्धिको माग गर्दै पेट्रोलियम पदार्थको बिक्रीवितरण रोकेका थिए ।

पेट्रोलियम बिक्रेताले इन्धनको बिक्रीवितरण बन्द गर्दा देशभर इन्धनको हाहाकार देखिएको थियो । सरकारी स्वामित्वका पम्पमा सवारी साधनको लामो लाइन लागेको थियो । निगम र व्यवसायीबीच सहमति भएपछि आइतबार बिहानदेखि पम्पले पेट्रोलियम पदार्थ उठाउन थालेका थिए । निगमले आइतबार एक हजार ६०० किलोलिटर पेट्रोल र एक हजार १०० किलोलिटर डिजेल बजारमा पठाएको थियो ।

सोमबार एक हजार १०० किलोलिटर डिजेल र पेट्रोल डिपोबाट वितरण गरिएको निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो । पेट्रोलियम पदार्थको बिक्रीवितरण सहज भएसँगै पेट्रोलपम्प खाली देखिएका छन् । इन्धन भर्न कुनै पनि पम्पमा लाइन बस्नुपर्ने अवस्था नरहेको उहाँले बताउनुभयो ।

निगम र समन्वय समितिबीच पेट्रोलियम बिक्रेता कमिशन र एलपी ग्यासको ढुवानी भाडा समायोजनसम्बन्धी मागको सम्बन्धमा सात दिनभित्र उचित निष्कर्ष निकाल्ने तथा अन्य पेट्रोलियम कारोबारसँग सम्बन्धित मागका सम्बन्धमा आगामी जेष्ठ १५ गतेसम्ममा सक्ने सहमति भएको थियो । कमिशन र ढुवानी भाडा वृद्धिको माग गर्दै नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एशोसिएशन, नेपाल एलपी ग्यास उद्योग सङ्घ र नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासङ्घले आन्दोलन सुरु गरेको थियो ।

निगमले अघिल्लो महिना पेट्रोलियम पदार्थको बिक्रीबाट चर्को नोक्सानी रहेको भन्दै मूल्य बढे पनि बिक्रेताले कसिमन भने नबढाउने निर्णय गरेको थियो । व्यवसायीले डिजेल/पेट्रोल र मट्टितेलको बिक्रीबाट प्रतिलिटरको मूल्यबाट ३.३९५ प्रतिशत कमिसन पाउँदै आएका छन् ।

# तेत्तीस जनामा कोरोना संक्रमण, ८९ जना निको

काठमाडौँ, २१ चैत (रासस) ।

कोरोना भाइरसको सङ्क्रमण ३३ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सोमबार सार्वजनिक गरेको बुलेटिनमा पाँच हजार ५९ जनामा कोरोना परीक्षण गर्दा ३३ जनामा सङ्क्रमण देखिएको हो ।

मन्त्रालयका अनुसार सक्रिय कोरोना सङ्क्रमितको सङ्ख्या ८४२ पुगेकामा पछिल्लो समय ८९ जना निको भएर घर फर्किएका छन् । योसँगै निको हुनेको सङ्ख्या नौ लाख ६५ हजार ७१४ पुगेको छ । निको हुने दर ९८दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

सोमबार सङ्क्रमणबाट कसैको पनि निधन भएको छैन । शून्य सङ्क्रमित जिल्लाको सङ्ख्या १८ पुगेको छ । मन्त्रालयका अनुसार ती जिल्लामा इलाम, सोलुखुम्बु, भोजपुर, चितवन, नुवाकोट, दोलखा, रसुवा, मनाङ, मुस्ताङ, पूर्वरुकुम, रुपन्देही, सल्यान, जाजरकोट, जुम्ला, डोल्पा, मुगु, हुम्ला र बाजुरा छन् ।

नेपालमा कोराना सङ्क्रमण दर १७ दशमलव छ प्रतिशत छ । हाल होम आइसोलेसनमा ८०६, संस्थागत आइसोलेसनमा ३६, आइसियुमा १५ र भेन्टिलेटरमा दुई जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा ६० हजार ७२ जनाले खोप लगाएका थिए ।


## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक । आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु ।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाइन चुल्हा के लग मे जरुर राखल करु ।
- बौवा बुच्चीके आइग सँ दूर राखु ।
- हवा बसात के समय मे आइग नै पजारु । सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेंकु ।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु ।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही ।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु ।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु ।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी ।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु ।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु ।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिं कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै ।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु ।
- कहीं कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ ।

**अनुरोधकर्ता**

**बलानबिहुल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया, सप्तरी**



**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU

NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**

**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


## विश्व समाचार

# श्रीलङ्काका राष्ट्रपतिद्वारा विपक्षी दलहरूलाई सरकारमा सहभागी हुन आह्वान

कोलम्बो, श्रीलङ्का, २१ चैत, (रासस-एएनआई) ।

श्रीलङ्काका राष्ट्रपति गोटाबाया राजापाक्षेले देशका सबै राजनीतिक दलहरूलाई सरकारमा सहभागी हुन र राष्ट्रिय सङ्कटको समाधान खोज्न एकजुट भएर काम गर्न आमन्त्रण गर्नुभएको छ । आह्वानपत्रमा राष्ट्रपतिले वर्तमान सङ्कट धेरै आर्थिक र विश्वव्यापी चिन्ताको परिणाम भएको र देशको लोकतान्त्रिक प्रक्रियाभित्रैबाट समाधान खोज्नुपर्ने बताउनु भएको छ ।

एसियाको एक अग्रणी लोकतन्त्रका रूपमा यसलाई लोकतन्त्रको ढाँचामा नै सम्बोधन गर्न आवश्यक छ, पत्रमा भनिएको छ, "नागरिक र भावी पुस्ताको हितमा राष्ट्रिय हितमा मिलेर काम गर्नुपर्छ ।" श्रीलङ्का टापु राष्ट्रका ठूलो संख्यामा मानिसहरूलाई असर गरिरहेको खाद्यान्न र इन्धन अभावको साथ गम्भीर आर्थिक सङ्कटसँग लडिरहेको छ । कोभिड-१९ को महामारीको सुरुवातदेखि नै अर्थतन्त्र धरापमा छ ।

सबै २६ जना मन्त्रीहरूले नयाँ मन्त्रिपरिषद् गठनका लागि मार्ग प्रशस्त गर्दै राजिनामा दिन सहमति जनाउँदै पत्रमा हस्ताक्षर गरेको अंङ्ग्रेजी भाषाको पत्रिका डेली उल्लेख गरेको छ । महिन्दा राजापाक्षे कार्यालयमा रहनेछन् र मन्त्रिपरिषद्का अन्य सबै सदस्यहरूले प्रधानमन्त्रीलाई राजीनामा बुझाएका छन्, न्यूज वायरले उल्लेख गरेको छ । यसैबीच श्रीलङ्कामा शनिबार साँझ ६ बजे लगाइएको ३६ घण्टा लामो कर्फ्यू सोमबार बिहान ६ बजे हटाइएको थियो तर देश अझै पनि आपतकालीन अवस्थामा छ ।

सरकारले शनिबार फेसबुक, ट्विटर, इन्स्टाग्राम, व्हाट्सएप र यूट्युब लगायतका सामाजिक मिडिया प्लेटफर्महरूको पहुँचमा रोक लगाएको थियो तर प्रधानमन्त्रीका छोरा नमल राजापाक्षेले यसको विरुद्धमा बोलेपछि आइतबार दिउँसो प्रतिबन्ध हटाइएको थियो ।

यसअघि शनिबार भारतले श्रीलङ्कालाई ४०,००० मेट्रिक टन डिजेल पठाएको थियो जसमा टापु देशको विद्युत् सङ्कटलाई कम गर्न मद्दत गरिएको थियो। भारतले श्रीलङ्कामा विस्तार गरेको ५०० मिलियन तेल लाइन अफ क्रेडिट (एलओसी) को एक भागको रूपमा यो कोलोम्बोलाई पठाइएको इन्धनको चौथो खेप थियो । यसबाहेक, भारतले पछिल्लो ५० दिनमा टापु राष्ट्रलाई करिब २ लाख मेट्रिक टन इन्धन आपूर्ति गरेको छ ।

# श्रीलङ्काको केन्द्रीय बैंकका गभर्नरको पनि राजीनामा

कोलम्बो, २१ चैत (रासस/एएफपी) ।

श्रीलङ्काको केन्द्रीय बैंकका गभर्नरले पनि सोमबार पदबाट राजीनामा दिनुभएको छ । गभर्नर अजित काब्रालले मुलुकको आर्थिक सङ्कट आफूले सम्हाल्न नसक्ने अवस्थामा पुगेको भन्दै राजीनामा दिनु परेको उल्लेख गर्नु भएको छ । उहाँले राष्ट्रपति गोटाबय राजापाक्षे समक्ष राजीनामा दिएको जनाउनु भएको छ । श्रीलङ्कामा यसअघि सबै मन्त्रीहरूले पनि राजीनामा दिएका थिए । देशमा आर्थिक सङ्कटसँगै राजनीतिक सङ्कट पनि गहिरिदै गएपछि जिम्मेबार पदाधिकारीहरूले धमाधम राजीनामा दिन थालेका छन् । जिम्मेबार पदाधिकारीहरूले नै धमाधम राजीनामा दिन थालेपछि राष्ट्रपति गोटाबाय राजापाक्षे र प्रधानमन्त्री महेन्दा राजापाक्षे थप सङ्कटमा पर्नु भएको छ ।

आर्थिक सङ्कटका कारण मर्कामा परेपछि असन्तुष्ट नागरिकले सरकारका विरुद्धमा प्रदर्शन गर्न थालेपछि राजनीतिक सङ्कट सुरु भएको हो । आन्दोलनकारीले राष्ट्रपति राजापाक्षेको निवास घेर्न थालेपछि सरकारले शनिबार बेलुका ६ बजेदेखि ३६ घण्टे कर्फ्यु आदेश जारी गरेको छ । आर्थिक संकटसँगै राष्ट्रपति र उच्च सरकारी अधिकारीहरूविरुद्ध सर्वसाधारणले आक्रोश व्यक्त गर्दै आन्दोलित भएपछि सरकारले श्रीलङ्कामा देशव्यापी सुरक्षाका लागि भन्दै सङ्कटकालको घोषणा गरेको छ ।

चरम आर्थिक सङ्कट भोगिरहेको श्रीलङ्कामा हिंसात्मक गतिविधिहरू बढ्न थालेकोले सङ्कटकालको घोषणा गर्नु परेको सरकारी अधिकारीहरूले जनाएका छन् । सार्वजनिक व्यवस्थाको संरक्षण र समुदायको जीवन रक्षाका लागि आवश्यक आपूर्ति र सेवाहरूको मर्मतका लागि भन्दै आपतकालीन अवस्थाको घोषणा गरिएको सरकारले जनाएको छ । सरकारको विरोधमा प्रदर्शन गर्नेहरूलाई नियन्त्रणमा लिएर हिरासतमा राख्न पनि सरकारले आदेश जारी गरेको छ । आर्थिक मन्दीसँगै अत्यधिक मूल्यवृद्धि र विद्युत आपूर्तिसमेत बन्द हुँदा सर्वसाधारण थप मारमा परेकाले उनीहरु आन्दोलित भएका हुन् । सन् १९४८ मा बेलायतको उपनिवेशबाट स्वतन्त्र भएको श्रीलङ्का पछिल्लो समय चरम आर्थिक सङ्कटका कारण अत्यावश्यक वस्तुको समेत आपूर्ति गर्न नसक्दा आम सर्वसाधारण मर्कामा परेका छन् ।

# पविमाविमा दाताहरुको नामाबली भएको शिलालेख अनावरणका साथै आयव्यय सार्वजनिक




**दैनिक समाचारदाता**
**राजविराज, २१ चैत ।**

राजविराज ५ स्थित पब्लिक बिन्देश्वरी माध्यमिक विद्यायलयले सोमबार दाताहरुको नामाबली भएको शिलालेखको अनावरण तथा सम्मान कार्यक्रमको आयोजना गरेको छ । सोही कार्यक्रममा विद्यायलयको सम्पुर्ण आय व्यय समेत सार्वजनिक गरिएको छ ।

कार्यक्रममा विद्यायलका लेखापाल बब्बन कुमार मिश्रद्वारा प्रस्तुत गरिएको प्रतिवेदनमा आर्थिक वर्ष २०७८/०७९ को फागुनमसान्त सम्मको अवधिमा उक्त विद्यालयले विभिन्न दातृ निकाय, कार्यालय, संघ, संस्था, व्यक्ति र शुल्क बापत २ करोड ४९ लाख ७२ हजार एक सय २४ रुपैया आम्दानी गरेको उल्लेख छ ।

उक्त अबधिमा शिक्षक र कमर्चारीको तलब तथा विभिन्न शैक्षिक गतिविधिमा भएको खर्च घटाएर ८६ लाख ९ हजार ५ सय ६५ रुपैयाँ कोषमा बचत मौज्दात रहेको लेखापाल प्रस्तुत आर्थिक प्रतिवेदनमा उल्लेख छ ।

दाताहरुको सहयोगको सदुपयोग गर्दै विद्यायलयको शैक्षिक गतिविधिलाई अब्बल बनाउनुका साथै विद्यालयकोषमा उत्साहजनक रकम बृद्धि गर्न सफल भएकोमा विद्यालयका प्रधानाअध्यापक अरुण कुमार झालाई धन्यवाद र बधाई दिदै कार्यक्रका प्रमुख अतिथी दातामध्येका एक समरजित सिंहले विद्यालयको अहिलेको अवस्था हेर्दा दाता परिवार निकै उत्साहित भएको प्रतिक्रिया दिए ।

कार्यक्रमा दाताहरुको नामाबली लेखिएको शिलालेख अनावरण पछि संस्थापक दाता स्व. बिन्देश्वरी प्रसाद सिंह, स्व. रामदयाल मुन्धडा, स्व. डम्बर नारायण चौधरी, स्व. गोपीकृष्ण काबरा, स्व. उमाकान्त लाल दास, स्व. हरिनन्दन प्रसाद सिंह, स्व. गोबिन्द राम रुंगटा, स्व. कपलेश्वर झा र स्व. कुशेश्वर झाका परिवारलाई सम्मान गरिएको थियो ।

प्रधानाअध्यापक झाको अध्यक्षतामा आयोजित कार्यक्रममा राजबिराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, उपप्रमुख शाधना झा, पुर्व नगरप्रमुख गोबिन्द सिंह, पुर्व प्रअ जितेन्द्र देव, हरिनरायण देव, मिना ठाकुर लगायतले शुभकामना दिए ।

एक हजार ६ सय बिद्यार्थी रहेको उक्त विद्यायलयले कक्षा १२ सम्मको पढाइका साथै दृष्टीबिहिन श्रोत कक्षा समेत सञ्चालन गर्दै आएको छ ।

# बैशाख ६ गतेदेखी कृषि तथ्याङ्क संकलन गरिने



**दैनिक समाचारदाता**
**राजविराज, २१ चैत ।**

राष्ट्रिय कृषि गणना २०७८ को जिल्ला स्तरिय कृषि गणना सचेतना गोष्ठी सोमबार राजविराजमा सम्पन्न भएको छ ।

जिल्ला कृषि गणना कार्यालय सप्तरीको आयोजनामा आयोजित गोष्ठीमा कृषि गणना कार्यालयका प्रमुख संजयकुमार चौधरीले जिल्लाको १८ वटै स्थानिय तहमा ३ सय २२ वटा गणना क्षेत्र निर्धारण गरिने जानकारी दिए । उनले निर्धारण गरिने क्षेत्रका लागि ३४ जना सुरपरिवेक्षकसहित १ सय ३४ जना गणकलाई तथ्याङ्क संकलन गर्न खटाइने बताए ।

प्रमुख चौधरीले यही चैत २५ गतेदेखी बैशाख ५ गतेसम्म सुपरिवेक्षक र गणकलाई तालिम दिई बैशाख ६ गतेदेखी तथ्याङ्क संकलनका लागि पालिकाहरुमा खटाइने जानकारी समेत दिए ।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमको अध्यक्षतामा आयोजित गोष्ठीमा सुरक्षा निकायका प्रमुखहरु, सरकारी कार्यालयका प्रमुखहरु लगायत संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

## *६ वटा राष्ट्रिय ...*

विष्णुपुर गाउँपालिकामा ८ हजार ८५ पुरुष, ६ हजार ९ सय ८१ महिला र एक अन्य गरि १५ हजार ६७, शम्भुनाथ नगरपालिकामा ११ हजार ८ सय ४९ पुरुष, १२ हजार १० महिला र ४ अन्य गरि २३ हजार ८ सय ६३, सप्तकोशी नगरपालिकामा ७ हजार ६ सय ५९ पुरुष र ७ हजार ८ सय २ महिला गरि १५ हजार ४ सय ६१, सुरुङ्गा नगरपालिकामा १४ हजार ५ सय ४९ पुरुष, १४ हजार ९ सय ६० महिला र एक अन्य गरि २९ हजार ५ सय १० तथा हनुमाननगर कंकालिनी नगरपालिकामा १४ हजार ८ सय ३८ पुरुष र १२ हजार ५ सय ९७ महिला गरि २७ हजार ४ सय ३५ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

एक मतदान केन्द्रमा एक मतदान अधिकृत, एक सहायक मतदान अधिकृत, दुई सहायक कर्मचारी र एक जना कार्यालय सहयोगिसहित करिब दुई हजार ७ सय कर्मचारी खटिने कार्यालय प्रमुख जोशीले जानकारी दिए ।

यस्तै जिल्लामा निर्वाचनको सुरक्षाका लागि २ हजार ४९ नेपाल प्रहरी तथा २ हजार ९ सय ४८ म्यादी प्रहरी परिचालन हुने प्रहरी उपरिक्षक अबिनारायण काफ्लेले जानकारी दिए । यस बाहेक सशस्त्र प्रहरी र नेपाली सेना पनि सुरक्षाप्रबन्धमा सघाउने उनको भनाई छ ।

जिल्लाका ५ सय ३६ वटा मतदान केन्द्रलाई सामान्य, संबेदनशिल र अतिसंबेदनशिल गरि तीन तहमा बिभाजन गरिएको उनले बताए ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोइठी, सप्तरी**

## सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विधुतीय उपकरण सधैं लगआउट गरौं ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाउँ ।
- सामाजिक जिवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*